# INTERNATIONAL COMMISSION OF JURISTS

Commission internationale de juristes - Comisión Internacional de Juristas

*" dedicated since 1952 to the primacy, coherence and implementation of international law and principles that advance human rights "*

**COMMUNIQUE DE PRESSE – COMUNICADO DE PRENSA**

P R E S S R E L E A S E

**२९ मंसिर २०६६**

**नेपाल : नेपाली सेनाद्वारा न्यायको रोहमा बाधा उत्पन्न गराइएकोमा आईसिजेको चिन्ता**

मेजर निरन्जन बस्नेतलाई निज विरुद्ध लागेको १५ वर्षीय मैना सुनुवारलाई यातना दिने तथा वलपुर्वक वेपत्ता पार्दै सन् २००४ को फेब्रुअरी १७ गैरन्यायीक हत्या गरिएको आरोपहरुको अभियोगमा पुर्पक्षको लागि काभ्रे जिल्ला अदालतसमक्ष उपस्थित गराउन ईन्टरनेशनल कमिशन अफ जुरिष्ट (आईसिजे) ले नेपाल सरकारलाई आग्रह गरेको छ ।

मेजर बस्नेतलाई निज विरुद्धको गम्भिर आरोपहरुका आधारमा चाडस्थित संयूक्त राष्ट्रसंघीय शान्तिस्थापना मिशनबाट हटाइएको थियो । मेजर बस्नेतको नेपाल आगमन अगावै, १२ डिसेम्बरमा निजविरुद्ध लागेको अभियोगको पूपर्क्षका लागि निजलाई अदालतसमक्ष उपस्थित गराइनुपर्ने भनि प्रधानमन्त्रीले रक्षामन्त्रीसमक्ष आफ्नो चासो प्रकट गरेका थिए । काभ्रे जिल्ला अदालतको पक्राउ पुर्जीलाई पुनः लत्याउदैं नेपाली सेनाले मेजर बस्नेतलाई विमानस्थलमै आफ्नो नियन्त्रणमा लियो र प्राप्त सुचनाअनुसार 'निजको आफ्नै सुरक्षाका लागि' नेपाली सैनीक मुख्यालयतर्फ लगियो । मेजर बस्नेतलाई प्रहरी हिरासतमा बुझाउनका लागि १३ डिसेम्बरमा नेपाल प्रहरीले नेपाली सेनालाई पुनः आग्रह गऱ्यो ।

"जवसम्म सेनाले मेजर बस्नेतलाई गैरसैनिक अदालतमा उपस्थीत गराउनका लागि बुझाउन अस्विकार गर्दछ, तवसम्म नेपाली सेनाले न्यायको रोहमा बाधा पुऱ्याईरहेको हुन्छ," आईसिजेका एशिया प्रशान्त निर्देशक रोजर नोरम्याण्डले बताए । "यो नेपालको न्याय प्रणाली को यश तथा कानूनको शासनप्रतिको सरकारी प्रतिवद्धताको विश्वसनियताका लागि ठुलो चिन्ताको विषय हो । नेपाली सेनाको कार्यले सेनाले संयूक्त राष्ट्र संघको मानव अधिकारसम्बन्धी चासो, जसका कारण मेजर बस्नेतलाई शान्तिस्थापनाको कर्तव्यबाट हटाईयो, लाई कति गम्भिरताका साथ लिएको छ भन्ने कुरा लाई पनि दर्शाउनेछ ।"

आफ्नो पूर्व वक्तव्यहरुमा आईसिजेले अर्न्तराष्ट्रिय कानुन अर्न्तगत सैनिक क्षेत्राधिकार सेनासंगै सम्बन्धीत विषयहरुको लागि मात्र हो भन्ने कुरामा जोड दिएको छ । विश्वव्यापी रुपमा मान्य न्यायका सिद्धान्तले यस्ता अपराधहरु निस्पक्ष तथा स्वतन्त्र न्यायलय सामु पूर्पक्ष गर्न बाध्य गरेको छ, यो एक यस्तो मापदण्ड हो जुन यस मुद्दामा गैरसैनिक अदालतले मात्र पुरा गर्नसक्छ । अभियुक्तलाई सक्षम, स्वतन्त्र र निस्पक्ष

न्यायालयका साम‍ु अर्न्तराष्ट्रिय कानुन तथा मापदण्ड अनुरुपको स्वच्छ पूर्पक्षको अधिकारको सुनिश्चिता समेत प्रदान गरिनुपर्छ ।

सन् २००५ मा भएको कोर्ट मार्शलले ‘कार्यविधी अवलम्बन गर्न असफल भएका कारण’ ६ महिनाको कैद संजाय र पदोन्नतीमा अस्थायी रोक लगाईसकेका कारण यो मुद्दा टुंगीसकेको दावी नेपाली सेनाले गरेको छ । स्पष्ट सैनिक क्षेत्राधिकारसम्बन्धी सेनाको यो दावीलाई पिडितकी आमा देवी सुनुवारले दायर गरेको परमादेशको रिटमा सर्वोच्च अदालतले सन् २००७ सेप्टेम्बरमा अस्विकार गऱ्यो । अदालतले यो मुद्दामा अनुसन्धान गर्न तथा काभ्रे जिल्ला अदालतमा मुद्दा चलाउन प्रहरी तथा महान्यायाधिवक्तालाई आदेश जारी गऱ्यो । परिणामस्वरुप मेजर बस्नेत तथा अन्य तीनजनाका विरुद्ध ३१ जनवरी २००८ मा पक्राउ पुर्जी जारी भयो, तथापी हालसम्म उनिहरु निर्वाध घुमीरहेका छन् ।

नेपाली सेनाले प्रहरी अनुसन्धान तथा अदालतका आदेशलाई निरन्तर रुपमा अस्विकार गरेको छ र बरु त्यसको साटो मेजर बस्नेतलाई पदोन्नती तथा संयूक्त राष्ट्रसंघीय शान्तिस्थापना मिशनमा पठाई पुरस्कृत गर्ने कार्य गरेको छ ।

“जवसम्म कानूनका साम‍ु सबै समान हुदैनन्, र समान देखिदैंनन, तवसम्म नेपालले आफुलाई शसस्त्र द्वन्दको कारण तथा असरबाट बाहिर निकाल्न सक्दैन”, आईसिजेका नेपालस्थीत कानुनी सल्लाहकार गोविन्द शर्मा “बन्दी”ले भन्नुहुन्छ । “मैना सुनुवारको मुद्दाले यस्ता सबै गम्भीर अपराधहरु, चाहे त्यो माओवादीबाट भएको होस वा राज्यपक्षबाट भएको होस, लाई फौजदारी न्याय प्रणालीअर्न्तगत ल्याउनका लागि नजिर स्थापना गर्न सक्छ । कानुनको शासन कायम गर्ने कार्यमा सरकार गम्भीर छ कि छैन भनी राष्ट्रिय तथा अर्न्तराष्ट्रिय समुदायले यस मुद्दालाई प्रतिनिधीमुलक मुद्दाको रुपमा नियालीरहेका छन्” उनको निश्कर्ष छ ।

थप जानकारीका लागि कृपया सम्पर्क गर्नुहोस् :
जोन टेनेला (काठमाडौं) : + ९७७ १ २२१०४१३
गोविन्द शर्मा, कानुनी सल्लाहकार (काठमाडौं) : + ९७७ १ २२१०४१३

33, rue des Bains, P.O. Box 216, 1211 Geneva 8, Switzerland
Tel: +41(0) 22 979 3800 – Fax: +41(0) 22 979 3801 – Website: http://www.icj.org - E-mail: info@icj.org